**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**


मिति: २०८२।१२।०१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलक राम अधिकारीले घुस/रिसवत बुझी लिई सम्पत्ति शुद्धीकरण गरेको भन्नेसमेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी झलक राम अधिकारीले एच.के.इन्टरप्राइजेज प्रा.लि. को राजस्व अनुसन्धान विभागमा रहेको राजस्व चुहावट सम्वन्धी छानबिन तथा राजस्व चुहावट सम्वन्धी अन्य कसुरबाट बच्नको लागि सहजीकरण वापत उक्त एच.के.इन्टरप्राइजेज प्रा.लि. का संचालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट प्राप्त घुस/रिसवत रकम जम्मा रू.७०,००,०००।—(अक्षरेपी सत्तरी लाख) निज प्रतिवादी झलक राम अधिकारीले विकास चापागाई, देवेन्द्र के.सी, रविन्द्र लामिछाने लगायतसँगको मतसल्लाह तथा मिलेमतोमा निजहरूको खाता रहेको ग्लोबल आइएमई बैंक, लुम्बिनी विकास बैंक र लक्ष्मी सनराइज बैंक लगायतका बैक तथा वित्तीय संस्थामा रकम दाखिला गरी गराई तहिकरण गरी घुस रिसवत रकमको स्वरूप परिवर्तन गरी गराई जिल्ला भक्तपुर, थिमी न.पा. साविक वडा नं. १७ (हाल वडा नं.२) स्थित दिव्यश्वरी आयोजना भित्रको कित्ता नं.९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) जग्गा खरिद तथा देवेन्द्र के.सी समेत संचालक रहेको द कुटी रिसोर्टको कर्जा भुक्तानी समेतमा प्रयोग प्रचलनमा ल्याएको तथ्य पुष्टि भएको देखिएको।

# रू. ७० लाख घुस/रिसवतको समग्र कारोबार



माथि चित्रमा विश्लेषण गरिए बमोजिम निज श्रीकृष्ण श्रेष्ठ बिज्यूले आफु सञ्चालक रहेको एच. के. इन्टरप्राइजेज प्रा.लि.को खाता नं.I३०१०१०००१३१३ (हाल कायम १७४०१०१०००१३१३) बाट प्रतिवादी झलक राम अधिकारीसँगको सहमति तथा निर्देशनबमोजिम एकै दिन मिति २०७९/०४/२४ गते आफ्नो चिनजान नभएको द कुटि रिसोर्ट प्रा.लि.का कर्मचारीहरू ममता पुरीको नाममा चेक नं.५४७५८०८३ बाट रू.७,००,०००/-(अक्षरेपी सात लाख), मिसन लामिछानेको नाममा चेक नं.५४७५८०८४ बाट रू.६,००,०००/-(अक्षरेपी छ लाख) र देवराज अर्यालको नाममा चेक नं.५४७५८०८५ बाट रू.७,००,०००/-(अक्षरेपी सात लाख रूपैयाँ) गरी घुस रिसवत वापतको कुल रकम रू.२०,०००,००/-(अक्षरेपी बीस लाख रूपैयाँ) वरावरको ३(तीन) वटा चेक जारी गरी सो ३(तीन) वटै चेक द कुटि रिसोर्ट प्रा.लि.का कर्मचारी देवराज अर्यालले मिति २०७९/०४/२४ गते नै प्रतिवादी झलक राम अधिकारीसँग चिनजान तथा मतसल्लाह रहेका द कुटि रिसोर्ट प्रा.लि.का म्यानेजिङ डाइरेक्टर एवं शेयरधनी देवेन्द्र के.सी.को लुम्बिनी विकास बैंकको खाता नं. ००२१११२०१४८३६००००००१ मा मिति २०७९/०४/२४ गते नै दाखिला गरेको देखिएको। उक्त घुस रिसवत रकम प्रतिवादी देवेन्द्र के.सी.ले आफु म्यानेजिङ डाइरेक्टर एवं शेयरधनी रहेको द कुटि रिसोर्ट प्रा.लि.को लुम्बिनी विकास बैंकको खाता नं.२४०४२००४२१८३००००३ को अधिविकर्ष (Overdraft) कर्जा र द कुटि रिसोर्ट प्रा.लि.को लुम्बिनी विकास बैंकको खाता नं. ००२६०१२००४२१८३०००००२ को आवधिक कर्जा (Fixed Term Loan) तिरी तिर्न लगाई प्रतिवादी झलक राम अधिकारीसँगको मिलेमतो तथा मतसल्लाह बमोजिम घुस रिसवत रकमको स्वरूप परिवर्तन गरे गराएको तथ्य स्थापित भएको । त्यसैगरी, माथि तालिकामा विस्तृत विश्लेषण गरिए बमोजिम मिति २०७९/०६/२७ गते श्रीकृष्ण श्रेष्ठ बिज्यूले आफु सञ्चालक रहेको एच.के.इन्टरप्राइजेज प्रा.लि. को सोही खाता नं.I३०१०१०००१३१३ (हाल कायम १७४०१०१०००१३१३) बाट प्रतिवादी झलक राम अधिकारीसँगको सहमती तथा निर्देशनबमोजिम आफ्नो चिनजान नभएको तर प्रतिवादी झलक राम अधिकारीले घुस रिसवत व्यवस्थापन गर्न प्रयोग गरेका निज विकास कुमार चापागाईको नाममा चेक नं. ५६५०६६५३ बाट रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) को चेक जारी गरे गराएकोमा निज विकास कुमार चापागाईले सो चेक बुझी लिई मिति २०७९/०६/२७ गते नै आफ्नो लक्ष्मी बैंकको खाता नं. ०६२२०००१६४३ मा दाखिला गरे गराएको तथ्य देखिएको। निज विकास कुमार चापागाईले सोही खाताबाट मिति २०७९/०६/३० गते नरेन्द्र प्रसाद न्यौपानेको नाममा चेक नं. ४७३६८२४५ बाट रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) को चेक जारी गरी उक्त चेक प्रतिवादी रविन्द्र लामिछानेलाई हस्तान्तरण गरे गराएको देखिएको। उक्त घुस रिसवत वापत प्राप्त चेक नं. ४७३६८२४५ बाट रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) रकम, कमल खरेललाई वैना वापत दिएको रकम रू.३०,००,०००/-(अक्षरेपी तीस लाख रूपैयाँ) र अन्य रकम सहितको कुल रकम रू.२,६७,००,०००/-(अक्षरेपी दुई करोड सतसठ्ठी लाख रूपैयाँ) प्रतिवादी रविन्द्र लामिछानेले जग्गाधनी नरेन्द्र प्रसाद न्यौपानेलाई जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा

नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा खरिद गर्दा भुक्तानी स्वरूप दिए दिन लगाएको तथ्य स्थापित भएको देखिएको। यसरी श्रीकृष्ण श्रेष्ठ बिज्यूले प्रतिवादी झलक राम अधिकारीलाई दिएको घुस रिसवत वापतको रकम रू.५०,००,०००।—(अक्षरेपी पचास लाख) रविन्द्र लामिछानेको नाममा खरिद गरे गराएको जग्गामा लगानी गरी घुस रिसवत रकम बैक तथा बित्तिय संस्था हुदै जग्गाको स्वरूपमा परिवर्तन गरे गराएको तथ्य स्थापित भएको।

तसर्थ समग्रमा एच.के.इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूले राजस्व चुहावट भएको तथा हुन सक्ने विषयमा राजस्व अनुसन्धान विभागबाट सहजिकरण गर्न गराउन उक्त विभागको महानिर्देशक राष्ट्रसेवक प्रतिवादी झलक राम अधिकारीलाई दिएको घुस रिसवत रकम जम्मा रू.७०,००,०००।—(अक्षरेपी सत्तरी लाख) र प्रतिवादीहरूको मिलेमतो तथा मतसल्लाहबमोजिम उक्त घुस रिसवत रकम व्यवस्थापन गर्ने गरेको तथ्यको समग्र विवरण निम्न तालिकाबमोजिम रहेको देखिन्छः

| तालिका | | | |
|---|---|---|---|
| **एच.के.इन्टरप्राइजेज प्रा.लि.को खाताबाट दिईएको कुल रकम** | | | |
| **रकम दिने** | **रकम** | **मिति** | **रकम प्राप्त गर्ने** |
| श्रीकृष्ण श्रेष्ठ बिज्यू (एच.के.इन्टरप्राइजेज प्रा.लि.) | रू.७,००,०००/- | २०७९/०४/२४ गते | देवेन्द्र के.सी. |
| | रू.७,००,०००/- | २०७९/०४/२४ गते | |
| | रू.६,००,०००/- | २०७९/०४/२४ गते | |
| | रू.५०,००,०००/- | २०७९/०६/२७ गते | विकास कुमार चापागाई र रविन्द्र लामिछाने |

राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलक राम अधिकारीले सार्वजनिक पदको दुरूपयोग गरी गैरकानुनी लाभ/घुस रिसवत लिने मनसायले राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा कारबाही गरी राजस्व संकलन वृद्धि गर्ने उद्देश्य साथ स्थापना भएको राजस्व अनुसन्धान विभागमा कार्यालय प्रमुखको रूपमा रहेको बखत बदनियत राखी एच.के.इन्टप्राइजेज प्रा.लि. राजस्व अनुसन्धान विभागमा रहेको राजस्व चुहावट सम्वन्धी छानबिन तथा राजस्व चुहावट सम्वन्धी अन्य कसुरबाट बच्न तथा राजस्व अनुसन्धान विभागको अन्य कार्यमा समेत सहजीकरण गरी दिन उक्त कम्पनीका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट मिति २०७९/०४/२४ गते प्रतिवादी झलक राम अधिकारीले योजनाबद्ध रूपमा आफ्नो हिमचिम तथा मतसल्लाहमा रहेका द कुटि रिसोर्ट प्रा.लि.का म्यानेजिङ डाइरेक्टर

प्रतिवादी देवेन्द्र के.सी.सँगको मिलेमतोमा उक्त द कुटि रिसोर्ट प्रा.लि.का कर्मचारीहरू देवराज अर्यालको नाममा रू.७,००,०००/-(अक्षरेपी सात लाख रूपैयाँ), मिसन लामिछानेको नाममा रू.६,००,०००/-(अक्षरेपी छ लाख रूपैयाँ) र ममता पुरीको नाममा रू.७,००,०००/-(अक्षरेपी सात लाख रूपैयाँ) गरी घुस रिसवत वापतको कुल रू.२०,००,०००/-(अक्षरेपी बीस लाख रूपैयाँ) रकम वरावरको चेक बुझी बुझ्न लगाई सो रकमको चेकहरू निज प्रतिवादी देवेन्द्र के.सी.को लुम्बिनी विकास बैंकको खाता नं. ००२११२०१४८३६०००००१ मा मिति २०७९/०४/२४ गतेनै दाखिला गरी गराई सो रकमलाई रकमान्तर गरी गराई द कुटि रिसोर्ट प्रा.लि.को लुम्बिनी विकास बैंकको खाता नं.२४०४२००४२१८३००००३ र खाता नं. ००२६०१२००४२१८३००००२ को कर्जा तिरे तिर्न लगाएको तथ्य पुष्टि भएको देखिएको। त्यसैगरी निज श्रीकृष्ण श्रेष्ठ बिज्यूलाई प्रतिवादी झलक राम अधिकारीले घुस रिसवत वापतको रू.५०,००,०००।—(अक्षरेपी पचास लाख) रकम बराबरको चेक निज विकास कुमार चापागाईको नाममा काट्न लगाई मिति २०७९/०६/२७ गते निज विकास कुमार चापागाईले उक्त रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) चेक बुझी बुझ्न लगाई सो रकम विकास कुमार चापागाईले आफ्नो लक्ष्मी बैंकको खाता नं. ०६२२०००१६४३ मा दाखिला गरी गराई सो घुस रिसवत रकम प्रतिवादी झलक राम अधिकारीको निर्देशनबमोजिम प्रतिवादी रविन्द्र लामिछानेको नाममा खरिद गरे गराएको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गाको भुक्तानीको लागी जग्गाधनी नरेन्द्र प्रसाद न्यौपानेको नामको चेक बनाई प्रतिवादी रविन्द्र लामिछानेलाई दिई सोही रू.५०,००,०००।—(अक्षरेपी पचास लाख) को चेक मार्फत जग्गा वापतको रकम भुक्तानी गरे गराएको तथ्य पुष्टि भएको देखिएबाट प्रतिवादीहरू झलक राम अधिकारी, रविन्द्र लामिछाने, देवेन्द्र के.सी समेतको आपसी मिलेमतो तथा योजनामा एच.के.इन्टरप्राइजेज प्रा.लि. को राजस्व अनुसन्धान विभागमा रहेको राजस्व चुहावटसम्वन्धी छानबिन तथा राजस्व चुहावट सम्वन्धी अन्य कसुरबाट बच्नको लागी सहजीकरण वापत उक्त एच.के.इन्टरप्राइजेज प्रा.लि. का संचालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट घुस रिसवत रकम जम्मा रू.७०,००,०००।—(अक्षरेपी सत्तरी लाख) लिए लिन लगाएको कसुर वारदात स-प्रमाण पुष्टि भएको देखिएको।साथै, उक्त घुस रिसवत लिई लिन लगाई भ्रष्टाचारजन्य कसुर गरी आर्जन गरेको रू.७०,००,०००।—(अक्षरेपि सत्तरी लाख) सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने छल्ने उद्देश्यले निज प्रतिवादीहरू झलक राम अधिकारी, रविन्द्र लामिछाने, देवेन्द्र के.सी को आपसी मिलेमतो र योजनामा निजहरूको खाता रहेको ग्लोबल आइएमई बैंक, लुम्बिनी विकास बैंक र लक्ष्मी सनराइज बैंक लगायतका बैक तथा वित्तीय संस्थामा रकम दाखिला गरी गराई तहिकरण गरी घुस रिसवत रकमको स्वरूप परिवर्तन गरी गराई जिल्ला भक्तपुर, थिमी न.पा. वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कित्ता नं.९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) जग्गा खरिद तथा देवेन्द्र के.सी समेत संचालक रहेको द कुटी रिसोर्टको कर्जा भुक्तानी समेतमा प्रयोग प्रचलनमा ल्याई सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रूपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गरी गराई सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुर गरेकोसमेत स-प्रमाण पुष्टि भएको

अवस्था छ। **तसर्थ,** उल्लिखित घुस रिसवत लिई लिन लगाई भ्रष्टाचार गरेको र उक्त भ्रष्टाचार सम्बद्ध कसुर रही सम्पत्ति शुद्धीकरण कसुरसमेत भए गरेको हुँदा उक्त कसुरमा संलग्न प्रतिवादीहरू उपर देहायबमोजिम हुन मागदाबी लिईएको छ।

**देहायः**

**१.घुस रिसवत लिई लिन लगाई भ्रष्टाचार गरेको सम्बन्धमाः**


| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक **झलक राम अधिकारी** | रू.७०,००,०००/- | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू. सत्तरी लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम घुस रिसवत वापत भ्रष्टाचार गरी आर्जन गरेको प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा प्रतिवादी रविन्द्र लामिछानेले आफ्नो नाममा उक्त घुस रिसवत रकम रू.५०,००,०००।—(अक्षेरेपी पचास लाख) लगानी गरी खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा र प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा प्रतिवादी देवेन्द्र के.सी ले उक्त घुस रिसवत वापतको रकम रू.२०,००,०००।—(अक्षेरेपी बीस लाख) कर्जा भुक्तानीसमेतमा लगानी गरेको बराबरको रकम जफत/असुल हुन साथै, निज राजस्व अनुसन्धान विभागको महानिर्देशक भई कार्य गरेको देखिएको र निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिईएको छ। |
| २. | द कुटि रिसोर्ट प्रा.लि.का म्यानेजिङ डाइरेक्टर एवं शेयरधनी **देवेन्द्र के.सी.** | रू.२०,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतीको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदार झलक राम अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू. बीस लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्क वाक्यांँश बमोजिम मुख्य कसुरदार सरह सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा निज प्रतिवादी देवेन्द्र के.सी ले उक्त घुस रिसवत वापतको रकम रू.२०,००,०००।—(अक्षरेपी बीस लाख) कर्जा भुक्तानीमा लगानी गरे गराएको बराबरको रकम जफत/असुल हुन मागदाबी लिईएको छ। |
| ३. | जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका वडा नं.२० बस्ने **रविन्द्र लामिछाने** | रू.५०,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतीको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदार झलक राम अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू. पचास लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्क वाक्याँश बमोजिम प्रतिवादी रविन्द्र लामिछानेलाई मुख्य कसुरदार सरह सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम घुस रिसवत वापत भ्रष्टाचार गरी आर्जन गरेको प्रतिवादी झलक राम अधिकारी सँगको मिलेमतो तथा मतसल्लाहमा निज प्रतिवादी रविन्द्र लामिछानेले आफ्नो नाममा उक्त घुस रिसवत रकम रू.५०,००,०००।—(अक्षरेपी पचास लाख) लगानी गरि खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा जफत हुन मागदाबी लिईएको छ। |


**<u>घुस रिसवत लिई लिन लगाई भ्रष्टाचार गरेको सम्बद्ध कसुर भई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धीसमेत कसुर गरेको सम्बन्धमा थप मागदाबी:</u>**

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) सँग सम्बन्धित अनुसूची सम्बद्ध कसुर अन्तर्गत १(ज) मा भ्रष्टाचार तथा घुससम्बन्धी व्यवस्था भएको देखिएको। प्रतिवादी झलक राम अधिकारीसमेतले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन,२०६४ को अनुसूचीमा सूचिकृत १ को देहाय (ज) बमोजिमको सम्बद्ध कसुर (Predicate Offence) घुस/रिसवतको भ्रष्टाचारजन्य कसुर गरी कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) कुल रू.७०,००,०००/-(अक्षरेपी सत्तरी लाख रूपैयाँ) को गैरकानुनी स्रोत (Illicit Origin) लुकाउने उद्देश्यले सो सम्पत्तिको स्वामित्व र अधिकार छली देवेन्द्र के.सी. म्यानेजिङ डाइरेक्टर रहेको द कुटि रिसोर्ट प्रा.लि.मा रू.२०,००,०००/-(अक्षरेपी बीस लाख रूपैयाँ) र रविन्द्र लामिछानेको नाममा खरिद भएको जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा.वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कित्ता नं.९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गामा रू.५०,००,०००/-(अक्षरपी पचास लाख रूपैयाँ) गरी कुल रू.७०,००,०००/-(अक्षरेपी सत्तरी लाख रूपैयाँ) लगानी गरी गराई सम्पत्ति शुद्धीकरण गर्न निम्न चित्रबमोजिम कारोबार गरेको देखिन्छः

# कसुरबाट प्राप्त सम्पत्ति रू.२०,००,०००/-को शुद्धीकरणको कारोबार



# कसुरबाट प्राप्त सम्पत्ति रू.५०,००,०००/- को सम्पत्ति



प्रतिवादीहरू झलक राम अधिकारीसमेतले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन,२०६४ को अनुसूचीमा सूचीकृत सम्बद्ध कसुर (Predicate Offence) घुस/रिसवतको भ्रष्टाचारजन्य कसुर गरी कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) कुल रू.७०,००,०००/-(अक्षरेपी सत्तरी लाख रूपैयाँ) को गैरकानुनी स्रोत (Illicit Origin) लुकाउने उद्देश्यले सो सम्पत्तिको स्वामित्व र अधिकार छलि रू.२०,००,०००/-(अक्षरेपी बीस लाख रूपैयाँ) देवेन्द्र के.सी.को लुम्बिनी विकास बैंकको निजी खातामा दाखिला गरी गराई तहीकरण गरी गराई द कुटि रिसोर्ट प्रा.लि.को लुम्बिनी विकास बैंक र एनएमबी बैंकको खाताहरूमा रकमान्तर गरी गराई कारोबारमा जटिलता सिर्जना गरी गराई कसुरबाट प्राप्त सम्पत्तिलाई द कुटि रिसोर्ट प्रा.लि.को अधिविकर्ष कर्जा (Overdraft Loan) र आवधिक कर्जा (Fixed Term Loan) मा भुक्तानी दिई लगानी गरी कसुरबाट आर्जित सम्पत्तीको एकिकरण गरेको, साथै, घुस रिसवत रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) रकम विकास कुमार चापागाईको लक्ष्मी बैंकको निजी खातामा दाखिला गरी गराई निज विकास कुमार चापागाईलाई जग्गाधनी नरेन्द्र प्रसाद न्यौपानेको नाममा चेक काट्न लगाई उक्त चेक प्रतिवादी रविन्द्र लामिछानेले बुझी लिई जग्गाधनी नरेन्द्र प्रसाद न्यौपानेसमेतको नाममा रहेको जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा.वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कित्ता नं.९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा निज प्रतिवादी रविन्द्र लामिछानेको नाममा खरिद गरी गराई रू.५०,००,०००।—(अक्षरेपी पचास लाख) चेक उक्त जग्गाको भुक्तानी वापत दिई दिन लगाई कसुरबाट प्राप्त सम्पत्तिको एकीकरण गरेकोसमेत गरी जम्मा रू.७०,००,०००।—(अक्षरेपी सत्तरी लाख) घुस रिसवत लिई लिन लगाई भ्रष्टाचारजन्य कसुरबाट प्राप्त सम्पत्ति कर्जा भुक्तानी लगानी र जग्गा खरिद गरी एकीकरण गरी गराई वैध बनाई सम्पत्ति शुद्धीकरण गरेको पुष्टि भएको देखिएको।

राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलक राम अधिकारीले अन्य प्रतिवादीहरूसँगको मिलेमतोमा एच.के.इन्टप्राइजेज प्रा.लि. का सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट कुल रू.७०,००,०००/-(अक्षरेपी सत्तरी लाख रूपैयाँ) घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको र घुस/रिसवतको सम्बद्ध कसुर(Predicate Offence) बाट प्राप्त सम्पत्ति विभिन्न व्यक्ति एवं विधि प्रयोग गरी गराई माथि विवेचना गरिएबमोजिम रू.२०,००,०००/-(अक्षरेपी बीस लाख) प्रतिवादी देवेन्द्र के.सी.म्यानेजिङ डाइरेक्टर एवं शेयरधनी रहेको द कुटि रिसोर्ट प्रा.लि.मा र रू.५०,००,०००/-(अक्षरेपी पचास लाख रूपैयाँ) प्रतिवादी रविन्द्र लामिछानेको नाममा खरिद गरे गराएको जग्गामा लगानी गरी गराई प्रतिवादीहरू झलक राम अधिकारी, देवेन्द्र के.सी, रविन्द्र केसी समेतले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) ऐन,२०६४ को दफा ३ को उपदफा (१) को (क),(ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूलाई देहाय बमोजिमको कसुर तथा सजाय गरी बिगो असूल उपरसमेतको थप मागदाबी समेत लिईएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक **झलक राम अधिकारी** | **रू.७०,००,०००।—** | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसुर भएको हुँदा निज प्रतिवादी झलक राम अधिकारीलाई बिगो **रू. सत्तरी लाख रूपैयाँ** कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन र प्रतिवादी झलक राम अधिकारी राष्ट्रसेवक कर्मचारी भएको हुँदा सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) बमोजिम रू. पचास लाख रूपैयाँ लगानी गरी खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा र रू. बीस लाख रुपैयाँ कर्जा भुक्तानीसमेतमा लगानी गरेको बराबरको रकम जफत/असुल हुन मागदाबी लिईएको छ। |
| २. | द कुटि रिसोर्ट प्रा.लि.का म्यानेजिङ डाइरेक्टर एवं शेयरधनी **देवेन्द्र के.सी.** | रू.२०,००,०००।— | मुख्य कसुरदार झलक राम अधिकारीले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतसल्लाह तथा मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम तथा दफा ३ को उपदफा (३) परिभाषित कसुर भएको हुँदा बिगो रू. बीस लाख रूपैयाँ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन, साथै, ऐनको दफा ३४ को उपदफा (१) बमोजिम रू.बीस लाख रूपैयाँ कर्जा भुक्तानीसमेतमा लगानी गरेको बराबरको रकम जफत/असुल हुन मागदाबी लिईएको छ। |
| ३. | जिल्ला बाँके, नेपालगंज उपमहानगरपालिका वडा नं.२० बस्ने **रविन्द्र लामिछाने** | रू.५०,००,०००।— | मुख्य कसुरदार झलक राम अधिकारीले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतसल्लाह तथा मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम तथा दफा ३ को उपदफा (३) परिभाषित कसुर भएको हुँदा बिगो रू. पचास लाख रूपैयाँ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन, साथै, ऐनको दफा ३४ को उपदफा (१) बमोजिम रू.पचास लाख रूपैयाँ लगानी गरी खरिद गरेको जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं.१७ स्थित दिव्यश्वरी आयोजना भित्रको कि.नं. ९९८ क्षेत्रफल १६४.१४ व.मि (०-५-०-२.५९) को जग्गा जफत हुन मागदाबी लिईएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने